# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## प्रजातन्त्र दिवसको सन्देश

आज फागुन ७, राष्ट्रिय प्रजातन्त्र दिवस । वि.सं. २००७ साल आजैका दिन मुलुकमा जहानियाँ निरङ्कुश शासनको अन्त्य भई प्रजातन्त्र स्थापना भएको थियो । जनताको सङ्घर्षले जित हासिल गरेको ऐतिहासिक दिनको स्मरण गर्दै आज हामी प्रजातन्त्र दिवस मनाइरहेका छौं । यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण प्रजातन्त्रप्रेमी नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, नागरिक अधिकार सुनिश्चित गर्दै लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्नका लागि भएका सबै प्रकारका संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आज हामीले प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था विगतकै त्याग, तपस्या र बलिदानीको उपलब्धि हो । हाम्रा जनप्रतिनिधीमार्फत प्राप्त गरेको संघीयता, धर्मनिरपेक्षता, समानुपातिक एवं समावेशीतासहितको संविधानको जग २००७ सालको प्रजातान्त्रिक आन्दोलन नै हो । विगतका परिवर्तनकारी आन्दोलन, सङ्घर्ष एवम् गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै सहिदहरुले मार्ग दर्शन गर्नुभएको सपना एवम् जनआकांक्षालाई मूर्त रुप दिने दिशामा अघि बढ्नु हामी सबैको दायित्व हो । प्रजातन्त्र दिवसले हामी सबैलाई देश विकास, समृद्धि र समुन्नत राष्ट्र निर्माणका लागि प्रेरणा प्रदान गरोस् । पुनः एक पटक यस सन्दर्भमा सबैमा शुभकामना ।

**२०८० साल फागुन ०७ गते, सोमबार ।**

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**